# काठमाडौँ महानगरपालिका-७ को नारायणटारमा प्रहरीद्वारा गोली प्रहार गरेको घटनाको स्थलगत अध्ययन प्रतिवेदन


#

## प्रतिवेदक

ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

अनौपचारिक क्षेत्र सेवा कन्द्र (इन्सेक),
बागमती प्रदेश कार्यालय

## प्रारम्भ

सिन्धुपाल्चोक जिल्ला जुगल गाउपालिका ३ बस्ने २८ वर्षीय विष्णु तामाङलाई गिरफ्तार गर्न प्रहरीले पुस २७ गते गोली चलाएको सोही साँझ सार्वजनिक भयो । काठमाडौँको जोरपाटिबाट नेपाल मेडिकल कलेज जाने बाटो नजिकैबाट नजिकैबाट उनलाई गिरफ्तार गरिएको प्रत्यक्षदर्शी र आफन्तको भनाइ रहेको थियो । प्रत्यक्षदर्शी र उनीसँगै रहेका आफन्तका अनुसार अन्दाजी साढे ३ बजेको समयमा खाजा खाइरहेको अवस्थामा उनलाई गिरफ्तार गरिएको हो । पाँच जना साथीहरूको बिचमा खाजा खाइरहेका उनलाई चार जनाको सङ्ख्यामा सिभिल ड्रेसमा आएका व्यक्तिले नियन्त्रणमा लिएका थिए । उनलाई हतकडी लगाएर दुई घण्टा भन्दा बढी गोकर्णको जङ्गल तर्फ ट्याक्सीमा लगेर घुमाउँदै अन्दाजी बेलुकको ६ बजे तीर काठमाडौं महानगरपालिका-७, नारायणटारको जम्बुडाँडा भन्ने ठाउँमा लगि हतकडी खोलेर गोली प्रहार गरेको आरोपितले बताएका छन् । यसरी हथकडी सहित प्रहरी नियन्त्रणमा रहेका व्यक्तिलाई भाग्न खोजेकोले गोलि प्रहार गरी नियन्त्रणमा लिइएको भन्ने विवादास्पद भनाई तथा घटनाक्रम देखिएकोले यस घटनाको इन्सेक र एडभोकेसी फोरमले संयुक्त रुपमा अनुगमन गरेको हो ।

## अध्ययनको उद्देश्य

- घटना सम्बद्ध प्राथमिक सूचना स्थलगत रूपमा सङ्कलन गर्नु,
- घटनाको निष्पक्ष छानबिन गर्न मानव अधिकार समुदायको सरोकार र दबाब सृजना गर्नु,
- सत्य तथ्य पत्ता लगाउन प्रहरी र सरोकारवालाहरूको ध्यानाकर्षण गराउनु,
- दण्डहीनताका कारण हुनसक्ने मानव अधिकार हनन्का कार्यविरूद्ध राज्यको जबाफदेहिताका लागि दबाब दिनु,
- 'इन्काउन्टर'का नाममा पटकपटक हुने गोली प्रहार र अनुसन्धानका लागि गिरफ्तार गर्न अनुमति दिने अधिकार प्राप्त अधिकारी र फिल्डमा खटिने प्रहरीलाई जबाफदेही बनाउन पहल गर्ने ।

## अध्ययनको विधि

- घटनाका सम्बन्धमा प्रारम्भिक तथ्य सङ्कलन्
- घटनाका बारेमा प्रकाशित समाचार तथा अन्य सामग्रीको अध्ययन,
- घटनास्थलको अवलोकन, सम्बन्धित सरोकारवालाहरूसँग भेटघाट र छलफल,
- सुरक्षा निकाय, स्थानीय प्रशासन, नागरिक समाज, मानव अधिकारकर्मी तथा अन्य सम्बन्धित निकाय र व्यक्तिहरूसँग छलफल ।

**तथ्य सङ्कलन मिति :** २०७६ माघ १ गते

**अनुगमन स्थलहरू :** ट्रमा सेन्टर वीर अस्पताल, पक्राउ स्थल काठमाडौँ मनपा-७, नारायणटार, गोकर्णेश्वर स्थित Mongolian Food House, घटनास्थल जम्बुडाँडा, जम्बुडाँडा प्रहरी बिट, महानगरिय प्रहरी वृत बोद्ध ।

**अनुगमन टोलीः**

१. कृष्ण गौतम : संयोजक, अनौपचारिक क्षेत्र सेवा कन्द्र (इन्सेक), बागमती प्रदेश कार्यालय, हेटौंडा

२. ओम प्रकाश सेन ठकुरी : निर्देशक, एड्भोकेसी फोरम

३. गणेश भण्डारी : अधिकृत, अनौपचारिक क्षेत्र सेवा कन्द्र (इन्सेक), बागमती प्रदेश कार्यालय, हेटौंडा

४. विमला पौडेल : जिल्ला प्रतिनिधि, अनौपचारिक क्षेत्र सेवा कन्द्र (इन्सेक), काठमाडौँ

**अनुगमन टोलीले भेटेका व्यक्तिहरू :**

घाइतेको श्रीमति मनमाया लामा तामाङ, प्रकाउ गर्दा सँगै भएका विश्व तामाङ, सानो कान्छा तामाङ, ठूलो कान्छा तामाङ, सुबास तामाङ, होटेल सञ्चालनक, घटना स्थाल नजिकको रहेका अन्दाजी ४५ वर्षीया महिला र अन्दाजी २० वर्षीया किशोरी (नाम र फोन नम्बर दिन नचाहेको), जम्बुडाँडा प्रहरी बिटका असई मोती कुमार श्रेष्ठ ।

(घाइते विष्णु तामाङलाई ट्रमा सेन्टरको बेड नम्बर ४४७ मा २०७६ पुस २८ गते इन्सेक प्रतिनिधिले भेट गर्नु भएको)

**घाइतेको व्यक्तिगत विवरणः**

नामः वर्षीय विष्णु तामाङ

उमेरः २८ वर्ष

स्थायी ठेगानाः सिन्धुपाल्चोक जिल्ला, जुगल गाउँपालिका-३,

अस्थाई ठेगानाः गोकणेश्वर नपा-८, अत्तरखेल काठमाडौँ

परिवारः आमा, बुवा, पत्नी, १० वर्षीया छोरी र १३ महिनाको छोरा ।

**सम्पर्क व्यक्ति :**

- मनमाया लामा तामाङ (पीडितको पत्नी)
- सम्पर्क नं.: ९८४०८९४८८३
- विश्व तामाङ (पीडितको दाजु)
- सम्पर्क नं. : ९८६१४०२३८१

**<u>घटनामा संलग्न आरोपित प्रहरीहरू :</u>**

१. असई अनिल सुब्बा राई, महानगरिय प्रहरी वृत, बौद्ध, काठमाडौँ

२. हवल्दार यम बहादुर गिरी, महानगरिय प्रहरी वृत, बौद्ध, काठमाडौँ

३. प्रहरी जवान मोहन भट्ट, महानगरिय प्रहरी वृत, बौद्ध, काठमाडौँ

४. प्रहरी जवान मोहन गरुङ्ग, महानगरिय प्रहरी वृत, बौद्ध, काठमाडौँ

**<u>घटना विवरण :</u>**

सिन्धुपाल्चोक जिल्ला जुगल गाउँपालिका ३ बस्ने २८ वर्षीय विष्णु लामालाई गिरफ्तार गर्न प्रहरीले पुस २७ गते गोली चलाएको छ । काठमाडौंको बौद्धमा रहेको मेडिकल कलेज नजिकैबाट उनलाई गिरफ्तार गरिएको थियो । अन्दाजी साढे ३ बजेको समयमा खाजा खाइरहेको अवस्थामा उनलाई गिरफ्तार गरिएको हो । ५ जना साथीहरूको बिचमा खाजा खाइरहेका उनलाई सिभिल ड्रेसमा आएका चार जनाले नियन्त्रणमा लिएका थिए । उनलाई दुई घण्टा भन्दा बढी गोकर्ण तर्फ ट्याक्सीमा लगेर घुमाउँदै अन्दाजी बेलुकको ६ बजे तीर काठमाडौं महानगरपालिका-७, नारायणटारको जम्बुडाँडा भन्ने ठाउँको बागमती करिडोरको खोलाको किनार नजिक लगी गोली प्रहार गरेको आरोपितले बताएका छन् ।

तर, हत्या लगायतका घटनामा संलग्न भई फरार रहेका तामाङलाई एक वर्ष देखि खोजी गरिरहेकाले उनलाई नियन्त्रणमा लिनका लागि गोली चलाइएको महानगरीय प्रहरी वृत्त, बौद्धका डीएसपी रमेशबहादुर सिंहले जानकारी दिनुभयो ।

लामाको बायाँ खुट्टाको पिडुल्लामा प्रहार भएको गोलको छर्रा दायाँ खुट्टामा समेत लागि घाइते भएपछि उनलाई उपचारका लागि काठमाडौंको वीर अस्पतालस्थित ट्रमा सेन्टरमा लगिएको थियो । प्रहरीका अनुसार तामाङमाथि २०७५ साल भदौमा मेडिकल कलेजका विद्यार्थीलाई खुकुरी प्रहार गरेर घाइते बनाएको अभियोग छ । त्यस्तै, २०७३ सालमा सिन्धुपाल्चोकमा भएको विवादका क्रममा एक महिलाले पिठ्यूँमा बोकेको १७ महिने बालिकाको हत्या गरेको अभियोग पनि तामाङमाथि छ । विभिन्न आपराधिक क्रियाकलापमा संलग्न भएर गुण्डागर्दी मच्चाउँदै आएका सिन्धुपाल्चोकका विष्णु लामा गत एक वर्षदेखि नै प्रहरीको आँखा छल्दै लुक्दै आएको प्रहरीको आरोप छ । सिन्धुपाल्चोक र काठमाडौँमा उनी विरुद्धको दुई वटा मुद्दा विचाराधिन रहेकाले प्रहरीले उनलाई फरार सूचिमा राखेको थियो ।

## सरोकारवालाहरूको भनाई

**<u>१. विश्व तामाङको भनाई :</u>**

२०७६ पुस २७ गतेका दिन अन्दाजी दिनको ३.३० बजेको समयमा म, सानो कान्छा तामाङ, ठूलो कान्छा तामाङ, सुबास तामाङ मिलेर मङ्गोलियन फुड हाउसमा बसेर खाजा खाईरहेको अवस्थामा दुई जना नचिनेका व्यक्ति आएर नजिकैको अर्को टेबलमा अन्दाजी २, ३ मिनेट जति बसे पछि

बाहिर निस्किए । त्यसको केहि समय पछि अन्दाजी चार/पाँच जना व्यक्तिहरू भित्र आएर विष्णु तामाङलाई नाम सोध्यो । विष्णु तामाङले म विष्णु तामाङ भन्ने वित्तिकै उनीहरूले विष्णुलाई समाति उठाएर ढोका नजिकैको कुर्सीमा बसालेर दुवै हातमा अतकडी लगाए । तिनीहरू मध्ये एकजनाले विष्णु तिमीलाई डर लागेको छ भनेर सोध्यो, विष्णुले छैन सर भने पछि सोही व्यक्तिले तिमीलाई त पसिना आएको छ त भनेर विष्णुले लगाई राखेको टोपी फुकाली दिए । केही फोटो खिचे र विष्णुलाई बीचमा राखेर हिडाएर दक्षिण दिशा तर्फ लगे ।

विष्णुलाई लगेको अन्दाजी ५ मिनेट पछि हामी उक्त खाजाघरबाट निस्किएर सानो कान्छा र म मोटरबाईकमा जम्बुडाँडा प्रहरी बिट, बौद्ध प्रहरी वृत, अपराध अनुसन्धान महाशाखा, चक्रपथको प्रहरी चौकी, कपन प्रहरी चौकीमा खोजतलासको लागि गएको तर सबैले जानकारी नभएको भन्ने जवाफ दिएका थिए । दुई तीन घण्टा पछि कपनको एउटा क्याफेमा बसेर कफी पिउँदै मोबाईल हेर्दै गर्दा एउटा अनलाईन न्युजमा प्रहरीले फरार अपराधीलाई गोली हानी प्रकाउ गरेको भन्ने समाचार देखि समाचार पढ्दा विष्णु तामाङलाई नै प्रहरीले गोली हानेको भन्ने थाहा पाइयो र उनलाई उपचारको लागि राखेको ट्रमा सेन्टरमा गईयो । सानो कान्छालाई भित्र पस्न दिएन तर म प्रहरीसँग जबरजस्ती गरेर, भाइलाई त गोली हान्यौ कि मलाई पनि गोली हान कि भेट्न दे भने पछि विष्णुलाई भेट गर्न दिए । विष्णुलाई इमर्जेन्सी वडाँ २० नं बेडमा राखेर उपचार गर्दै रहेछ । उपचार पछि ब्याडेज गरेर चौथो तल्लाको ४४७ नम्बरको बेडमा लगियो । पछि विष्णुलाई सोध्दा सादा पोशाकका प्रहरीले पक्राउ गरि सकेपछि केहि परसम्म हिडाएर लगको र त्यसपछि एउटा ट्याक्सी चढाएर पहिले गोकर्णको जङ्गलमा लगे, केहि समयपछि फेरी तीनचुली डाँडाको जङ्गलमा लगेर राखे । त्यहाँ प्रहरीहरू चिया पिउन भनेर गए तर आफूलाई हथकडी लगाएर ट्याक्सी मै राखे । ट्याक्सी डाइभर पनि निकै डराएको थियो । उसले आफूलाई जान दिन अनुरोध गरिरहेको थियो । त्यसपछि अँध्यारो भए पछि जम्बुडाँडाको खोलाको किनारमा लगेर ट्याक्सीबाट ओरालेर दुई जना प्रहरीहरू दायाँ बायाँ उभिएर हतकडी खोल्ने वित्तिकै अर्को प्रहरीले पछाडिबाट बायाँ खुट्टाको पिडौलामा गोली हाने पछि आफू पिडाले चिच्याउँदै त्यही ढलेको र केहि समयपछि स्थानीयहरू आएर होहल्ला गरेपछि प्रहरी भ्यान बोलाएर भ्यानमा राखि अस्पताल ल्याइएको बताएका थिए ।

प्रहरीले गोली प्रहार गरी घाइते बनाएका भाइको उपचार खर्च पनि आजसम्म (२०७६ माघ २० गते) हामी आफैले व्यहोर्नु परेको छ । सरकार र प्रहरीले यसको जिम्मा लिनु पर्ने हो । उसैले गोली हानेर घाइते बनाएर उपचार गर्न अस्पताल ल्यायो । तर, हामीले उपचार खर्च व्यहोनु परेको छ । उपचार खर्च, क्षतिपूर्ति र घटनामा सङ्लग्न सबैलाई कारबाही हुनुपर्छ । हामी पीडित परिवारको माग मानव अधिकार संघसंस्था मार्फत मानव अधिकार आयोग र नेपाल सरकार समक्ष पुगोस् ।

(अर्का साक्षी सानो कान्छा तामाङको पनि सोही मिलानको भनाई, सम्पर्क नं. ९८५१२४९५३७)

**२. प्रत्यक्षदर्शी अन्दाजी ४५ वर्षीया महिला र अन्दाजी २० वर्षीय युवतीको भनाई :**

मिति २०६७ पुस २७ गते अन्दाजी बेलुकाको ६ बजेको समयमा हामी घर अगाडि आगो तापेर बसिरहेको अवस्थामा एउटा सेतो रङ्गको गाडी आएर रोड पारी रोकियो । उक्त गाडीबाट केहि मान्छेहरू निस्किए । केहि समयपछि ठूलो आवाजले केहि चिज पडकियो र सँगै ऐया मरें आमा भनेर कसैले चिच्याउँदै ढलेको देख्यौं । पहिले त हामीले गाडीको टायर पडकिए कि भन्ने सोंच्यौं तर त्यति ठूलो आवाजको साथ केहि पडकिएको र मरें आमा भनेर चिच्याएको सुने पछि बन्दुक पडकिएको अनुमान गरयौं । अन्य छिमेकीहरू साथै हामी पनि घट्नास्थलमा गयौं त्यहाँ एकजना भाइ भुईंमा

ढलिराखेको थियो । उसको बायाँ खुट्टाको पिडौलाबाट रगत बगिरहेको थियो भने तीन/चार जना मान्छेहरू वरिपरी घेरेर उभिएका थिए । छिमेकी दाइहरूले यसलाई किन गोली हानेको भनेर सोध्दा उनीहरूले यो ज्यानमारा हत्यारा हो भन्दै थिए । छिमेकी दाइहरूले जो सुकै भए पनि यसरी गोली हानेर मान्छे मार्न पाउँदैनौ भनेर होहल्ला गरे पछि एकै छिनमा त्यहाँ एउटा प्रहरी भ्यान आईपुग्यो र उनीहरू उक्त घाइते भाइलाई प्रहरी भ्यानमा राखेर लगे । छिमेकी दाइहरूले त्यो सेतो गाडिको नम्बर पनि टिपेको थियो । केहि समय पछि सादा पोशाकका केहि व्यक्तिहरू आएर लाईट बालेर आधा घण्टा जति केहि कुरा खोज्दै थिए शायद गोलीको खोका खोजेको होला ।

३. **जम्बुडाँडा प्रहरी विटका ईन्चार्ज असई मोती कुमार श्रेष्ठः** सो दिन म बिमारी भएकोले ड्युटीमा थिइन । त्यसैले सो दिन के भयो भन्ने मलाई केहि पनि जानकारी छैन । यहाँ जम्मा चार/पाँच जना प्रहरीहरू मात्र छौं । त्यसैले यहाँबाट खटिएको प्रहरीले पक्राउ गरेको होइन । यहाँबाट जम्मा १०० मिटर जति दूरीमा ठूलो आवाजसाथ गोली चलेको कसरी यहाँको प्रहरीले थाहा पाएन त भन्ने प्रश्नमा यहाँ गाडिहरू चलिरहन्छ त्यसैले नसुनेको होला भन्ने जवाफ दिएका थिए ।

*नोट : असई मोती कुमार श्रेष्ठले आफ्ना प्रहरी विटबाट कुनै पनि प्रहरी नखटाइएको भने पनि त्यही प्रहरी विटको कम्पाउण्डमा एकजना खैरो रङ्गको ज्याकेट र जिन्स पाईन्ट लगाएको अन्दाजी २८, ३० वर्ष जति उमेरका, हल्का दारीजुङ्गा भएको आर्यन अनहारका व्यक्ति कुर्सीमा बसेर मोबाइल हेर्दै थिए । पक्राउ स्थलमा सँगै भएका व्यक्तिहरूले त्यही सादा पोशाकमा रहेको प्रहरी टोलीनै विष्णु तामाङलाई पक्राउ गरेको बताएका थिए ।*

**डिएसपी राजेन्द्र बहादुर सिंह : प्रमुख, माहानगरिय प्रहरी वृत बौद्ध :**

तामाङ फरारको सूचिमा रहेको र उनलाई प्रहरी नियन्त्रण तोडेर भाग्न खोजेकोले प्रहरीले गोली चलाउन बाध्य भएको हो । डिएसपी सिंहले अरु केही बताउन चाहानु भएन ।

**विष्णु तामाङ : प्रहरीको गोली लागि घाइते भएका पीडित**

मलाई साढेतीन बजेतिर सादा पोसाकका प्रहरीले गिरफ्तार गरी हतकडी लगाएर एकछिन मोटरसाइकलमा र अनि ट्याक्सीमा हालेर गोकर्णको जङ्गलमा घुमाए । साँझ परेपछि जम्बुडाँडाको प्रहरी चौकी भन्दा अलिक अगाडि बागमती खोला किनारमा लगेर हतकडी खोलेका मात्रै थिए । तेतीकैमा पछाडिबाट खुट्टामा गोलि प्रहार गरेपछि म लडें । पछि मलाई यहाँ अस्पताल ल्याएको रहेछ । सायद त्यहाँ स्थानीय मानिस नआएको भए मलाई फेरी गोली हानेर मार्ने योजना प्रहरीले बनाएको रहेछ । धन्न मान्छे आएर माछे मार्न पाईंदैन भन्दै हल्ला गरेकोले बाँचे ।

**पक्राउ गरिएको स्थल र प्रत्यक्षदर्शीसँगको भेटघाटः**





गोली प्रहार गरिएको स्थान :





खुट्टामा गोली लागेका घाइतेको अवस्था:





घटनास्थलबाट अन्दाजी १०० मिटर उत्तरमा रहेको प्रहरी चौकी







#

#

#

**निष्कर्षः**

- अपराधिक घटनामा संलग्न व्यक्तिलाई कानुनी कारबाहीमा ल्याउनु पर्नेमा कब्जामा लिएपछि तीन घण्टभन्दा बढी समय सम्बन्धित निकायमा नबुझाई विभिन्न ठाउँमा डुलाउँदै इन्काउण्टर को नाममा गोली प्रहार गर्नुले कानुनी राज्यको उपहास र दण्डहीनताको पराकाष्टा देखिन्छ ।
- प्रहरीको अनुसन्धान व्यूरो र बौद्ध प्रहरी कार्यालयले एक अर्कोबाट कारबाही गरिएको भन्नुले जिम्मेवारी नलिने प्रवृति देखियो ।
- घटनामा संलग्न प्रहरी टोलीलाई कारबाहीको दायरामा ल्याई सार्वजनिक नगर्ने हो भने यस घटनाको जिम्मेवारी सम्बन्धित उच्च अधिकृतले नै सुनोयोजित रुपमा गराएको भन्ने बुझ्न सकिन्छ । #
- जनताको बाँच्न पाउने अधिकारमा खेलबाड भएको अनुगमन टोलीको निकर्ष रहेको छ । # #

**सुझाव**

- यस घटनाबारेमा राष्ट्रिय मानव अधिकार आयोगले अनुगमन गरी सत्यतथ्य बाहिर ल्याई सरकारलाई मानव अधिकारको संरक्षणका लागि जिम्मेवार बनाउन र व्यक्ति हत्याको यस प्रकारका घटना नदोहऱ्याउन निर्देशन दिन आवश्यक छ ।
- पीडितलाई क्षतिपूर्ति, घटनामा सङ्लग्नलाई कारबाही र उपचारमा लागेको खर्च सरकारले उपलब्ध गराउनु पर्ने ।

मिति : २०७६ माघ २० गते

श्री माननीय गोविन्द शर्मा पौडेल ज्यू
आयुक्त
राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर

**विषयः अनुगमन प्रतिवेदन सहित ज्ञापन पत्र बुझाइएको बारे ।**

उपरोक्त सम्बन्धमा २०७६ पुस २७ गते काठमाडौं महानगरपालिका ७ नारायणटारस्थित जम्बुडाँडा नजिक प्रहरीले गोलि प्रहार गरी सिन्धुपाल्चोक जिल्ला जुगल गाउपालिका ३ बस्ने २८ वर्षीय विष्णु लामालाई गिरफ्तार गरेको भनि सार्वजनिक भएको घटनाको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र एडभोकेसी फोरम नेपालले स्थालगत अनुगमन गरेको छ । अनुगमनका क्रममा पीडित, पीडितका आफन्त, प्रत्यक्षदर्शी, सरोकारवाला प्रहरीसँग सोधपुछ गर्दा प्रहरीले आवश्यकता भन्दा बढी बल प्रयोग गरी नियन्त्रणमा लिएका व्यक्तिलाई गोली प्रहार गरेको पाइएको हुँदा सो घटनामा प्रहरीको गम्भीर लापरबाही र व्यक्ति हत्याको क्रमलाई कायम राख्ने खालको नियत देखिएको हुँदा हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

तसर्थ, आयोगले यस शंकास्पद घटनाको गहन अनुसन्धान गरी सत्यतथ्य स्थापित गर्न र पीडित र पीडितको परिवारलाई न्याय प्रदान गर्न अनुरोध गर्दछौं । साथै आयोगले प्रहरीको ज्यादति विरुद्ध र व्यक्तिको बाँच्न पाउने संविधान प्रदत्त अधिकार सुनिस्चितताको लागि सरकारको ध्यानाकर्षण गराउनु हुन यो ज्ञापन पत्र माननीय ज्यू समक्ष बुझाएका छौं ।

**ओम प्रकाश सेन ठकुरी**

**निर्देशक**

**कृष्ण गौतम**

**संयोजक**

ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

इन्सेक insec

अनौपचारिक क्षेत्र सेवा कन्द्र (इन्सेक),
बागमती प्रदेश कार्यालय